# निर्वाचित प्रतिनिधीहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि, २०७४

## रौतामाई गाउँपालिका

## १ नं प्रदेश

प्रस्तावना : यस गाउँपालिकाका निवार्चित प्रतिनिधीहरुको सेवा सुविधाहरुको निर्धारण तथा ब्यावस्था गर्न वाञ्छनीय भएकोले यस रौतामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम " निर्वाचित प्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि, २०७४" रहेको छ ।

(२) यो ऐन रौतामाई गाउँपालिकाभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) अध्यक्ष भन्नाले रौतामाई गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) उपाध्यक्ष भन्नाले रौतामाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ग) वडा अध्यक्ष भन्नाले रौतामाई गाउँपालिकाका वडा नं. १-८ सम्मका वडा अध्यक्षहरुलाई सम्झनु पर्छ ।

(घ) सदस्य भन्नाले रौतामाई गाउँपालिकाको गाउँ सभा वा कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँसभा वा गाउँकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा समितिको सदस्य समेतलाई जनाउँछ ।

(ङ) वडा सभा भन्नाले यस रौतामाई गाउँपालिकाको वडा नं. १-८ सम्मका वडा सभा सम्झनु पर्छ ।

(च) गाउँ सभा भन्नाले संविधानको धारा १२२ को उपधारा (१) बमोजिम गठित यस रौतामाई गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(छ) कार्यपालिका भन्नाले यस रौतामाई गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) रौतामाई गाउँपालिका भन्नाले नेपाल राजपत्रमा प्रकाशित उदयपुर जिल्लाको रौतामाई गाउँपालिका भुट्टारलाई सम्झनु पर्छ ।

(छ) संविधान भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. सदस्यहरुको बैठक भत्ता सम्बन्धि ब्यावस्था : (१) यस रौतामाई गाउँ पालिकाको गाउँसभा र कार्यपालिका सदस्यहरुले बैठकमा उपस्थित भई भाग लिएपछि अनुसूचि १ मा तोकिए बमोजिमको बैठक भत्ता पाउने छ ।

(२) उपदफा १ बमोजिमको भत्तामा नेपाल सरकारको आर्थिक नियमावली अनुरुपको कर कट्टी गरिनेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएपनि प्रदेश कानून बनिसकेपछि सोही अनुसार संशोधन गरी लागू गरिनेछ ।

(४) उपदफा १ र २ मा जुन सुकै कुरा लेखिएको भए तापनि एक महिनामा २ पटक भन्दा बढिको बैठक भत्ता उपलब्ध गराईने छैन ।

(५) उपदफा १ बमोजिमको भत्ता भुक्तानी गर्दा वडा समितिको बैठक र वडा सभाको बैठकको हकमा सम्बन्धित वडाको चालु तर्फको आम्दानीबाट र अन्य बैठकको हकमा गाउँपालिकाबाट उपलबध गरिनेछ ।

४. निर्वाचित पदाधिकारीहरुको तलब सम्बन्धि ब्यवस्था : (१) निर्वाचित प्रतिनिधिहरुको तलब अनुसुचि २ मा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा १ बमोजिमको भत्तामा नेपाल सरकारको आर्थिक नियमावली अनुरुपको सामाजिक सुरक्षा कर मात्र कट्टी गरिनेछ ।

(३) उपदफा १ बमोजिमको तलब निर्वाचित पदाधिकारीहरुले आन्तरिक राजश्वबाट प्राप्त रकमबाट मात्र पाउनेछ । गाउँपालिकाको आन्तरिक श्रोत न्यून भई यस्तो खर्च धान्न नसकेमा वित्तीय समानिकरण अनुदानको चालु खर्चमा व्यवस्था भएको रकमबाट कार्यपालिकाले निर्णय गरे बमोजिम खर्च गर्न सकिनेछ ।

(४) उपदफा १ , २ र ३ मा जुनसुकै कुरा लेखिएको भएपनि प्रदेश कानून बनि सकेपछि सोही बमोजिम हुनेछ ।

५. निर्वाचित पदाधिकारीहरुको भ्रमण तथा भ्रमण भत्ता सम्बन्धि ब्यवस्था : (१) वडाको कामकाज गर्न वडा अध्यक्ष स्वयं वा निजले वडा समितिको कुनै पनि पदाधिकारीलाई भ्रमणमा खटाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम भ्रमणमा खटाउँदा वडा समितिका अन्य सदस्यहरुको हकमा वडा अध्यक्षले स्वीकृति गर्नेछ भने वडा अध्यक्षको हकमा गाउँपालिकाको अध्यक्षले स्वीकृति गर्नेछ ।

(३) उपदफा १ बमोजिम भ्रमण गर्दा भ्रमण गर्ने पदाधिकारीले पाउने भ्रमण खर्च वडा कार्यालयमा विनियोजित चालु रकमबाट भुक्तानी गर्नु पर्नेछ । वडा समितिको लागि चालु बजेट व्यवस्था नभएको अवस्थामा गाउँ कार्यपालिको चालु र खर्चबाट नै उपलब्ध गराइनेछ ।

(४) गाउँपालिकाको कामकाज गर्न अध्यक्ष स्वयम् वा निजले उपाध्यक्ष वा वडा अध्यक्ष वा वडा सदस्यहरुलाई भ्रमणमा खटाउन सक्नेछ ।

(५) उपदफा ४ बमोजिमको भ्रमणको स्वीकृति गाउँपालिकाको अध्यक्षबाट हुनेछ र सो बापतको भ्रमण खर्च समेत गाउँपालिकाबाट नै भुक्तानी गरिनेछ ।

(६) उपदफा ३ र ५ बमोजिमको भ्रमण खर्च अनुसूचि ३ मा तोकिए बमोजिम हुनेछ ।

(७) उपदफा ६ मा जुन सुकै कुरा लेखिएको भएपनि प्रदेश कानून बनिसके पछि सोही बमोजिम हुनेछ ।

६. निर्वाचित प्रतिनिधिहरुलाई सवारी साधन तथा इन्धन सम्बन्धि व्यवस्था : (१) दैनिक कामकाज गर्नको लागि गाउँपालिकाले आवश्यक्ता अनुसार हल्का सवारी साधनको ब्यवस्था गर्नेछ र सो सवारी साधनको प्रयोग आवश्यक्ता अनुसार हुनेछ ।

(२) दैनिक कामकाज सम्पादन गर्नको लागि अनुसूचि ४ मा उल्लेखित निकाय र पदाधिकारीहरुको जिम्मामा रहने गरी आवश्यक सवारी साधनको ब्यवस्था गरिनेछ ।

(३) दैनिक रुपमा नियमित कार्यालयमा उपस्थित भई कामकाज गर्ने निर्वाचित पदाधिकारीहरुको लागि इन्धन सुविधा अनुसूचि ५ मा तोकिए बमोजिम हुनेछ ।

७. निर्वाचित प्रतिनिधिहरुलाई सञ्चार सुविधा सम्बन्धि व्यवस्था : (१) स्थानिय तह तथा सामाजिक कामकाज सम्पादनको शिलसिलमा निर्वाचित प्रतिनिधिहरुलाई तोकिए बमोजिमको मासिक सञ्चार सुविधा उपलब्ध गराईने छ ।

(२) उपदफा १ अनुसारको सुविधा अनुसूचि ६ मा तोकिए बमोजिम हुनेछ ।

(३) निर्वाचित पदाधिकारीहरुले उपदफा १ बमोजिमको सुविधा अध्यक्ष, उपाध्यक्ष र दलित तथा अल्पसंख्याक समुदायबाट गाउँसभाले निर्वाचित गरेको सदस्यहरुलाई गाउँ पालिकाबाट र अन्य पदाधिकारीहरुको हकमा वडा कार्यालयबाट वडा कार्यालयहरुमा विनियोजित चालु तर्फको वजेटबाट भुक्तानी गरिनेछ ।

८. निर्वाचित प्रतिनिधिहरुको आवास सुविधा सम्बन्धि व्यवस्था : (१) अध्यक्ष र उपाध्यक्षको लागि गाउँपालिकाको केन्द्र रहेको स्थानमा आवासको व्यवस्था गरिनेछ ।

(२) वडा अध्यक्षहरुको हकमा आवश्यकता अनुसार आवासको व्यवस्था गर्न सकिनेछ र त्यसरी व्यवस्था गरिएको आवासको भुक्तानी वडा कार्यालयबाटै गर्नु पर्नेछ । वडा समितिमा चालु बजेट विनियोजन नभएको अवस्थामा गाउँपालिकाको चालु खर्चबाट नै खर्च गरिनेछ ।

९. सहायक कर्मचारी ब्यावस्था गर्न सकिने : (१) अध्यक्ष वा उपाध्यक्षको काँधमा रहेको गहन, असमान र अनगिन्ती कार्यबोझलाई सहज बनाउन निजहरुले चाहेमा सहायक कर्मचारीको व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिमको कर्मचारी अस्थायी प्रकृतिको (डोर हाजिर) हुनेछ ।

(३) यस्ता सहायक कर्मचारीको नियुक्तिको अधिकार जसको सहायक कर्मचारी नियुक्ति गर्नु पर्ने हो उसैमा निहित हुनेछ र निजको इच्छा बमोजिम मात्र पदमा बहाल रहनेछ ।

१०. स्वास्थ सेवा सुविधा सम्बन्धमा :

(क) अध्यक्ष वा उपाध्यक्ष वडाअध्यक्ष कार्यपालिका सदस्य वडा सदस्य कर्मचारीले गाउँपालिकाकृ काम कार्यमा खटेको वेला असस्वथ, दुरघटना भए घाइते, मृत्यु भएमा गाउँपालिकाले आर्थिक सहयोग तलको अनुसुची अनुसार आर्थिक सहयोग गर्न सक्ने छ ।

(ख) कार्यालयको काम काजमा खटिएको वेलामा अस्वास्थ, घाईते, मृत्यु भएमा गाउँकार्यपालिकाको निणर्य अनुसार आर्थिक सहयोग गर्न सक्ने छ ।

(ग) अनुसुचीमा उल्लेख भए अनुसार तत्काल पेश्की स्वारुप गाउँपालिकाले सहयोग गर्न सक्ने छ ।

**<u>अनुसुची ७</u>**

१. विमारी भएमा विमारी हेरी एकपटकमा ७५,००० देखि २,००,००० सहयोग गर्ने ।

२. घाइते भएमा सम्पुर्ण उपचार खर्च व्याहोर गर्ने

३. मृगौला, मुटु, क्यान्सर,कलेजो विमारी भएका रु २,००,००० सहयोग गर्ने ।

४. मृत्यु भएमा रु ५,००,००० सहयोग गर्ने ।

अनुसूचि १

दफा ३ को उपदफा १ सँग सम्बन्धित

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १. | गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा बसेको बैठकको हकमा प्रति दिन | रु. १०००।- |
| २. | गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा बसेको बैठकको हकमा प्रति दिन | रु. १०००।- |
| ३. | वडा अध्यक्षको अध्यक्षतामा बसेको बैठकको हकमा प्रति दिन | रु. १०००।- |

## अनुसूचि २

### दफा ४ को उपदफा १ सँग सम्बन्धित

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | अध्यक्षको तलब | रु. २५,०००।- |
| २. | उपाध्यक्षको तलब | रु. २०,०००। - |
| ३. | वडा अध्यक्षको तलब | रु. १५,०००।- |
| ४. | कार्यपालिकाका अन्य सदस्य | रु. ७,५००।- |
| ५. | वडा सदस्य | रु. २,०००।- |

## अनुसूचि ३

### दफा ५ को उपदफा ३ र ५ सँग सम्बन्धित

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | गाउँपालिकाको अध्यक्षको भत्ता प्रति दिन | रु. २०००।- |
| २. | गाउँपालिकाको उपाध्यक्षको भत्ता प्रति दिन | रु. १६००।- |
| ३. | वडा अध्यक्ष लगायत अन्य कार्यपालिका सदस्य भत्ता प्रति दिन | रु. १२००।- |
| ४. | वडा सदस्यहरुको भत्ता प्रति दिन | रु. १०००।- |

अनुसूचि ४

दफा ६ को उपदफा २ सँग सम्बन्धित

| क्र.सं. | सवारी साधन रहने स्थान | सवारी साधन जिम्मा लिने पदाधिकारी | सवारी साधनको किसिम |
|---|---|---|---|
| १. | गाउँ पालिकाको कार्यालय | अध्यक्ष | हल्का सवारी साधन |
| २. | गाउँ पालिकाको कार्यालय | उपाध्यक्ष | मोटरसाईकल |
| ३. | प्रत्येक वडा कार्यालय १-८ | वडा अध्यक्ष | मोटरसाईकल |

नोट : माथि उल्लेख गरिएको बाहेक थप सवारी साधन प्राप्त भएमा पदीय मर्यादा अनुसार थपघट गर्न सकिनेछ ।

अनुसूचि ५

दफा ६ को उपदफा ३ सँग सम्बन्धित

| क्र.सं. | पदाधिकारी | इन्धनको किसिम | इन्धनको परिमाण |
|---|---|---|---|
| १. | अध्यक्ष | पेट्रोल | मासिक ५० लिटर |
| २. | उपाध्यक्ष | पेट्रोल | मासिक ४० लिटर |
| ३. | वडा अध्यक्ष | पेट्रोल | मासिक ३० लिटर |
| ४. | कार्यपालिका सदस्य | यातायात वापत | एक बैठक रु. १००० |

नोट : क. वडा सदस्यलाई आवश्यकता अनुसार काममा लगाउँदा स्थानको अनुपातामा उपलब्ध गराइनेछ ।

ख. चार पाङग्रे सवारी साधनको हकमा कार्यालय प्रयोजनका लागि आवश्यकता अनुसार डिजेल मासिक उपलब्ध गराइनेछ ।

अनुसूची ६

दफा ७ को उपदफा २ सँग सम्बन्धित

| क्र.सं. | पदाधिकारी | रकम |
|---|---|---|
| १. | अध्यक्ष | १५००।- |
| २. | उपाध्यक्ष | १२००।- |
| ३. | वडा अध्यक्ष | १०००।- |
| ४. | कार्यपालिका अन्य सदस्य | २००।- |